# अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन सम्बन्धी प्रगति प्रतिवेदन -२०८२

**प्रतिवेदन पेश गरिएको:** घ्याङलेख गाउँपालिका

**पेश गर्ने:** शिक्षा, युवा तथा खेलकुद शाखा

**आर्थिक वर्ष/अवधि:** २०८२/२०८३

**मिति:** २०८३ असार १८ गते

अनिवार्य तथा निशुल्क शिक्षा २०८२

## Contents

१ः पृष्ठभूमि, कानुनी आधार र उद्देश्य ........ 3
२ः सम्पादित मुख्य कार्यहरू तथा भौतिक प्रगति ........ 3
३ः तथ्याङ्कीय प्रगति विवरण (IEMIS तथा सर्वेक्षणमा आधारित) ........ 4
पृष्ठ ४ः चुनौती, आगामी कार्यदिशा र निष्कर्ष ........ 6

अनिवार्य तथा निशुल्क शिक्षा २०८२

# १: पृष्ठभूमि, कानुनी आधार र उद्देश्य

### *१.१ पृष्ठभूमि*

नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको ग्यारेन्टी गरेको छ। सोही बमोजिम 'अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५' लाई स्थानीय तहमा पूर्ण कार्यान्वयन गर्न घ्याङलेख गाउँपालिका प्रतिबद्ध रहेको छ। यस गाउँपालिकाको भौगोलिक विकटता, आर्थिक विपन्नता र चेतनाको स्तरका कारण विद्यालय बाहिर रहेका (Out of School) बालबालिकाहरूलाई शिक्षाको मूलधारमा ल्याउन र विद्यालय भर्ना भएका विद्यार्थीहरूको टिकाउदर (Retention Rate) बढाउन आर्थिक वर्ष २०८२/२०८३ मा विशेष अभियान र कार्यक्रमहरू सञ्चालन गरिएका छन्। प्रस्तुत प्रतिवेदन तिनै सम्पादित कार्यहरू, प्राप्त उपलब्धिहरू र चुनौतीहरूको दस्तावेज हो।

### *१.२ कानुनी तथा नीतिगत आधारहरू*

- नेपालको संविधान (धारा ३१ - शिक्षा सम्बन्धी हक)
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र नियमावली, २०७७
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (शिक्षा सम्बन्धी अधिकार र जिम्मेवारी)
- घ्याङलेख गाउँपालिकाको स्वीकृत शिक्षा ऐन र चालु आ.व. को नीति, बजेट तथा कार्यक्रम।

### *१.३ कार्यक्रमका मुख्य उद्देश्यहरू*

- घ्याङलेख गाउँपालिकाका ५ देखि १२ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकालाई विद्यालय भर्ना गराई आधारभूत शिक्षा सुनिश्चित गर्ने।
- आर्थिक अभावका कारण कोही पनि बालबालिका विद्यालय जानबाट बञ्चित हुन नपरोस् भनी आवश्यक स्टेशनरी, पोसाक र न्यूनतम सामग्री निःशुल्क उपलब्ध गराउने।
- विद्यालय बाहिर रहेका बालबालिकाहरू (OOSC) को पहिचान गरी उनीहरूका लागि द्रुत सिकाइ (Accelerated Learning) वा वैकल्पिक कक्षा सञ्चालन गर्ने।
- सामुदायिक विद्यालयहरूको शैक्षिक र व्यवस्थापकीय गुणस्तर सुधार्न स्वयंसेवक शिक्षक परिचालन र अनुगमन प्रणालीलाई सुदृढ गर्ने।

# २: सम्पादित मुख्य कार्यहरू तथा भौतिक प्रगति

### *२.१ घरधुरी सर्वेक्षण र विद्यालय बाहिर रहेका बालबालिका (OOSC) को पहिचान*

अनिवार्य शिक्षा घोषणाको पूर्वतयारी स्वरूप पालिकाका सबै वडा र टोलहरूमा बृहत् घरधुरी सर्वेक्षण तथा तथ्याङ्क संकलन कार्य सम्पन्न गरिएको छ।

- सर्वेक्षणबाट विद्यालय उमेर समूहका तर नियमित विद्यालय नगएका वा बीचैमा कक्षा छाडेका (Drop-out) बालबालिकाहरूको वडागत लगत (OOSC Profile) तयार पारिएको छ।
- भौगोलिक दूरी, पारिवारिक आर्थिक अवस्था र सामाजिक कारणहरूका आधारमा विद्यार्थीहरूको वर्गीकरण गरिएको छ।

### *२.२ निःशुल्क पाठ्यपुस्तक, स्टेशनरी तथा झोला वितरण कार्यक्रम*

विपन्न, दलित र सीमान्तकृत समुदायका बालबालिकाहरूलाई विद्यालयमा टिकाइराख्न आर्थिक वर्ष २०८२ को सुरुवातमै सबै लक्षित विद्यालयहरूमा सामग्री वितरण गरिएको छः

- **निःशुल्क पाठ्यपुस्तक र स्टेशनरीः** कक्षा १ देखि १० सम्मका सबै विद्यार्थीहरूलाई शैक्षिक सत्रको पहिलो हप्ताभित्रै पाठ्यपुस्तक र कापी-कलम जस्ता आवश्यक स्टेशनरी वितरण सुनिश्चित गरियो।
- **पोसाक र झोला सहयोगः** अति विपन्न र विद्यालय आउन कठिनाइ भएका बालबालिकाहरूलाई प्रोत्साहन स्वरूप विद्यालय झोला र पोशाक वितरण गरिएको छ, जसले गर्दा विद्यालयमा विद्यार्थीको उपस्थिति दर नियमित हुन पुगेको छ।

### *२.३ द्रुत सिकाइ (Accelerated Learning) र खुला कक्षा सञ्चालन*

उमेर बढी भएर कक्षा १ मा भर्ना हुन नसकेका वा लामो समयदेखि विद्यालय बाहिर रहेका बालबालिकाहरूका लागि **द्रुत सिकाइ प्याकेज** (Accelerated Learning Programme) लागु गरिएको छ।

- विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई लक्षित गरी अनौपचारिक रूपमा **खुला तथा वैकल्पिक कक्षा** सञ्चालन गरियो।
- यस्ता कक्षाहरू सञ्चालनका लागि स्थानीय स्तरमा योग्य स्वयंसेवक सहजकर्ताहरू छनोट गरी परिचालन गरिएको छ।

## ३ः तथ्याङ्कीय प्रगति विवरण (IEMIS तथा सर्वेक्षणमा आधारित)

अनिवार्य तथा निःशुल्क शिक्षा २०८२

अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम अन्तर्गत विभिन्न वडाहरू र लक्षित समूहहरूमा भएको भौतिक तथा वित्तीय प्रगतिको मुख्य सूचकहरूलाई निम्नानुसार तालिकाबद्ध गरिएको छः

| **क.सं.** | **कार्यक्रम / क्रियाकलाप** | **लक्ष्य (विद्यार्थी/संख्या)** | **प्रगति (ह्यान्डओभर/कार्यान्वयन)** | **प्रगति प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | **घरधुरी सर्वेक्षण र लगत संकलन** | सबै ५ वटै वडा | ५ वटै वडा सम्पन्न | १००% | प्रोफाइल तयार भएको |
| २ | **निःशुल्क स्टेशनरी वितरण** | लक्षित विपन्न विद्यार्थी | पूर्ण वितरण | १००% | शैक्षिक सत्रको सुरुमै |
| ३ | **विद्यालय झोला तथा पोशाक** | लक्षित तथा विपन्न वर्ग | वितरण कार्य सम्पन्न | १००% | बाँकीलाई व्यवस्थापन भइरहेको |
| ४ | **द्रुत सिकाइ/खुला कक्षा सञ्चालन** | पहिचान भएका OOSC बालबालिका | विभिन्न केन्द्रहरूमा सञ्चालित | ९०% | स्वयंसेवक सहजकर्ता मार्फत |
| ५ | **मनोसामाजिक परामर्श सेवा** | जोखिममा रहेका बालबालिका | विद्यालयस्तरमा परामर्श शिविर | ०% | ड्रपआउट रोक्न सहयोगी |

अनिवार्य तथा निशुल्क शिक्षा २०८२

| क्र.सं. | कार्यक्रम / क्रियाकलाप | लक्ष्य (विद्यार्थी/संख्या) | प्रगति (ह्यान्डओभर/कार्यान्वयन) | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ६ | **त्रैमासिक परीक्षा शुल्क मिनाहा** | कक्षा १ देखि १० सम्म | सबै सामुदायिक विद्यालय | १००% | पालिकाबाट सोधभर्ना |

### *३.१ प्रमुख उपलब्धिहरू:*

- **भर्ना दरमा वृद्धिः** घरधुरी सर्वेक्षण र भर्ना अभियानका कारण चालू शैक्षिक सत्रमा खुद भर्ना दर (NER) मा गत वर्षको तुलनामा उल्लेख्य सुधार आएको छ।
- **ड्रपआउट दरमा कमीः** कक्षा ६-८ सम्मका बालबालिकाहरू (विशेष गरी छात्राहरू) मा बिचैमा विद्यालय छाड्ने दरमा कमी आएको छ।
- **अभिभावक चेतनाः** कार्यक्रम अन्तर्गत टोल-टोलमा सञ्चालन गरिएको सचेतना कार्यक्रमले गर्दा आफ्ना बालबालिकालाई अनिवार्य रूपमा विद्यालय पठाउनुपर्छ भन्ने दायित्व बोध अभिभावकहरूमा बढेको पाइएको छ।

## ४: चुनौती, आगामी कार्यदिशा र निष्कर्ष

### *४.१ देखा परेका मुख्य चुनौतीहरू*

१. **भौगोलिक विकटता र दूरीः** कतिपय वडाहरूमा बस्तीहरू छरिएर रहेकाले साना बालबालिकाहरूलाई विद्यालयसम्म पुग्न १ देखि २ घण्टासम्म हिँड्नुपर्ने बाध्यता कायमै रहनु।

२. **आर्थिक विपन्नता र मौसमी बसाइँसराइः** अभिभावकहरू रोजगारीका लागि बाहिर जाँदा बालबालिकाको पढाई अवरुद्ध हुने र घरायसी कामकाजमा अल्झिने समस्या हुनु।

३. **दिगोपन र स्रोतको सुनिश्चितताः** परीक्षा शुल्क मिनाहा, निःशुल्क स्टेशनरी र दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिन पालिकाको आन्तरिक स्रोतमा चाप पर्नु।

४. **विशेष अपाङ्गता भएका बालबालिकाको पहुँचः** अपाङ्गता (Disability) भएका बालबालिकाहरूका लागि बालमैत्री र अपाङ्गमैत्री पूर्वाधार तथा विशेष शिक्षकको अभाव हुनु।

अनिवार्य तथा निःशुल्क शिक्षा २०८२

### ४.२ आगामी रणनीति तथा कार्यदिशा (अर्को शैक्षिक सत्रका लागि सुझाव)

- **विद्यालय म्यापिङ र गाभ्ने (Merge):** थोरै विद्यार्थी र धेरै दूरी भएका विद्यालयहरूको अध्ययन गरी पायक पर्ने स्थानमा विद्यालय गाभ्ने र टाढाका विद्यार्थीका लागि सुरक्षित **आवास (Hostel)** को व्यवस्था गर्ने।
- **"पचास प्रतिशत साझेदारी कार्यक्रम":** भौतिक पूर्वाधार र शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयका पूर्व विद्यार्थी र स्थानीय दाताहरूको ५०% साझेदारी कोष परिचालन गर्ने।
- **डिजिटल अनुगमन (IEMIS प्रणाली):** प्रत्येक विद्यार्थीको उपस्थिति र सिकाई उपलब्धिलाई IEMIS मार्फत डिजिटल ट्र्याकिङ गर्ने र वेबसाइटमा अध्यावधिक गर्ने।
- **अभिभावक आयआर्जन कार्यक्रम:** विपन्न परिवारका अभिभावकहरूलाई लक्षित गरी कृषि तथा प्राविधिक सीपमूलक तालिम दिई आयआर्जनमा जोड्ने, जसले गर्दा बालबालिका श्रममा लाग्नु पर्ने अवस्थाको अन्त्य होस्।

### ४.३ निष्कर्ष

घ्याङलेख गाउँपालिकाले अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा चालेका कदमहरू सकारात्मक र उत्साहजनक रहेका छन्। शतप्रतिशत बालबालिकालाई विद्यालयको पहुँचमा ल्याई गाउँपालिकालाई **"अनिवार्य तथा निःशुल्क शिक्षा घोषित गाउँपालिका"** बनाउने राष्ट्रिय लक्ष्य हासिल गर्न शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, शिक्षक, र अभिभावकहरूको एकीकृत प्रयासलाई आगामी दिनमा अझ सशक्त बनाउनु आवश्यक देखिन्छ।

**प्रतिवेदन पेश गर्ने:** ....................................................

शिक्षा, युवा तथा खेलकुद शाखा

घ्याङलेख गाउँपालिका, सिन्धुली

अनिवार्य तथा निःशुल्क शिक्षा २०८२

सन्दर्भसामग्री

अनुसूची-१

स्टेशनरी पाउने बालबालिकाको विवरण

| **अनिवार्य तथा निशुल्क शिक्षा दिगोपना कार्यक्रम** | | | | |
|---|---|---|---|---|
| **विद्यालय वाहिराको विद्यार्थीहरुका लागि थप सहायता स्टेशनरी आवश्यक लक्षित समुह विवरण-२०८२** | | | | |
| वडा | विद्यार्थी सं | विद्यार्थी /कक्षा | थप सहायता | कैफियत |
| | | रत्नलाल पाखिन | ड्रेस सेट,स्टेशनरी र झोला | |
| १ | २ | सुनिता बम्जन | ड्रेस सेट,स्टेशनरी र झोला | |
| | | मञ्जु श्रेष्ठ | ड्रेस सेट,स्टेशनरी र झोला | |
| | | समिर धोङ | ड्रेस सेट,स्टेशनरी र झोला | |
| | | अनिश धोङ | ड्रेस सेट,स्टेशनरी र झोला | |
| | | सोममाया घोले | ड्रेस सेट,स्टेशनरी र झोला | |
| | | विकास घोले | ड्रेस सेट,स्टेशनरी र झोला | |
| | | अशोक घोले | ड्रेस सेट,स्टेशनरी र झोला | |
| | | ङमा घोले | ड्रेस सेट,स्टेशनरी र झोला | |
| | | सुशिला लो | ड्रेस सेट,स्टेशनरी र झोला | |
| | | सोमराज लो | ड्रेस सेट,स्टेशनरी र झोला | |
| ३ | १० | विविमाया लो | ड्रेस सेट,स्टेशनरी र झोला | |
| | | दुधीमाया वाइबा | ड्रेस सेट,स्टेशनरी र झोला | |
| | | सुनितामाया वाइबा | ड्रेस सेट,स्टेशनरी र झोला | |
| ४ | ४ | विशाल घिसिङ | ड्रेस सेट,स्टेशनरी र झोला | |
| | | सोफिया घलान | ड्रेस सेट,स्टेशनरी र झोला | |
| ५ | २ | विशाल वाईबा | ड्रेस सेट,स्टेशनरी र झोला | |
| जम्मा | १८ | | | |

अनिवार्य तथा निशुल्क शिक्षा २०८२

अनुसूची-२

द्रुत सिकाइमा सहभागी बालबालिका

**घ्याङलेख गाउँपालिका**

**अनिवार्य तथा निशुल्क शिक्षा दिगोपना कार्यक्रम**

**विद्यालय वाहिराको विद्यार्थी कक्षा अनुकलनका लाग थप सहायता कक्षा र लक्षित समुह विवरण-२०८२**

| वडा | विद्यार्थी सं | विद्यार्थी /कक्षा | खुला कक्षाका लागि सहजकर्ता | सहजकर्ताको कार्यालय | अनुगमन/मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १ | २ | रत्नलाल पाखिन | हेमराज राई | मा वि अमले | वडा/सा सि के- वडा १ |
| | | सुनिता बम्जन | | | वडा/सा सि के- वडा १ |
| २ | १ | सिर्जना वाइबा | कविता बम्जन | आ वि टुनिभञ्ज्याङ्ग | वडा/सा सि के- वडा १ |
| | १ | जस्मान योञ्जन | सुरेश कुमार यादब | मा वि भैसे | वडा/सा सि के- वडा २ |
| ३ | २ | मञ्जु श्रेष्ठ | सर्मिला बाइबा | छैन | वडा/सा सि के- वडा ३ |
| | | समिर धोङ | | | वडा/सा सि के- वडा ३ |
| | ५ | अनिश घोले | पेम्बा लामा | छैन | वडा/सा सि के- वडा ३ |
| | | सोममाया घोले | | | वडा/सा सि के- वडा ३ |
| | | विकास घोले | | | वडा/सा सि के- वडा ३ |
| | | अशोक घोले | | | वडा/सा सि के- वडा ३ |
| | | छ्यूसाङ लामा घोले | | | वडा/सा सि के- वडा ३ |
| | | ङ्गेमा घोले | | | वडा/सा सि के- वडा ३ |
| ४ | ४ | सुनिता लो | विनिता लो | छैन | वडा/सा सि के- वडा ४ |
| | | मञ्जु लो | | | वडा/सा सि के- वडा ४ |
| | | दुधीमाया वाइबा | | | वडा/सा सि के- वडा ४ |
| | | सुनितामाया वाइबा | | | वडा/सा सि के- वडा ४ |
| ५ | १ | सोफिया घलान | सरिता श्रेष्ठ | शान्तेश्वरी सा.सि.के | वडा/सा सि के- वडा ५ |
| जम्मा | १६ | | | | |

अनिवार्य तथा निशुल्क शिक्षा २०८२

# अनुसूची-३

## स्टेशनरी पाउने बालबालिका तस्विरहरु



























| | | | |
|---|---|---|---|
|  |  |  | |

अनिवार्य तथा निशुल्क शिक्षा २०८२

# अनुसूची-४

## खुला सिकाइमा जोडिएका बालबालिकाको तस्विरहरु




# क अनुसूची-५


## तथ्याङ्क विवरण

| अनिवार्य निशुल्क शिक्षा २०८२ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सिकाइ केन्द्र मार्फत अनिवार्य नि शुल्क शिक्षा पालिका घोषणामा पता लगाइएका ३९ बालबालिका मध्ये सर्वेक्षणमा पता लगाइएका विद्यालय वाहिराको विद्यार्थी विवरण २०८२ | | | | | | | | | | |
| क्र स. | सर्वेक्षक | विद्यार्थी नाम | जन्ममिति | वर्ष | ठेगाना | सम्पर्क नं | पढाइ छाड्नुका कारण | घरको पेशा | भर्ना हुने विद्यालय/ विद्यमान | कैफियत |
| १ | सरिता श्रेष्ठ | सोफिया घलान | २०७८।१२।८ | 5 | घ्याङ्लेख- ५ ठकुरीडाँडा बर्षे | 9769347782 | कहिल्यै विद्यालय नआएको | मज्दुर | जन्मदर्ता बनेर श्री बागेश्वरी आ वि बाघखोर | |
| २ | सरिता श्रेष्ठ | उत्तम कुमार थिङ्ग | 2065।8।26 | 18 | घ्याङ्लेख- ५ ठकुरीडाँडा बर्षे | 9769347782 | साथीको लहलहै | पशुपालन | | |
| ३ | सरिता श्रेष्ठ | मान ध्वज वाइवा | 2067।२।४ | 16 | घ्याङ्लेख- ५ ठकुरीडाँडा | 9765996112 | साथीको लहलहै | कृषि | | |
| ४ | सरिता श्रेष्ठ | अजित मान घलान | 2066।11।3 | 17 | घ्याङ्लेख- ५ घलान टोल | 97... | साथीको लहलहै/ फेल कक्षा ८ | कृषि | | |
| ५ | सरिता श्रेष्ठ | विशाल बाइवा | 2064।4।3 | 19 | घ्याङ्लेख- ४ मन्दने | 9765998479 | गरिबी /फेल | कृषि | ७ कक्षा फेल भएको भर्ना हुने सम्भावना | |
| ६ | सरिता श्रेष्ठ | जीबन कुमार वाइबा | 2067।2।25 | 16 | घ्याङ्लेख- ४ मश्राङ्गे | 9767837036 | साथीको लहलहै/ फेल कक्षा ८/गरिबी | कृषि | | |
| १ | अञ्जली बल | सनिता लो | २०७१।८।१५ | १२ | घ्याङ्लेख- ४ गोपे पुच्छारटोल. | 9761664134 | विरामी भएर-ढल्ने | कृषि/मजदुरी | गर्के गोपेबाट ट्रान्सफर भएको | |
| २ | अञ्जली बल | मञ्जु लो | 2069।१२।२ | १४ | घ्याङ्लेख- ४ मन्च्यानटोल गोपे पुच्छारटोल | 9761664134 | विरामी भएर/घरायसी काम | कृषि/मजदुरी | गर्के गोपेबाट ट्रान्सफर भएको | |
| ३ | अञ्जली बल | देबलाल श्रेष्ठ | 2068।८।१९ | १५ | घ्याङ्लेख- ४ खोरभञ्ज्याङ्ग | 9762270162 | साथीको प्रभाव/फेल/गरिबी | कृषि/मजदुरी | | |
| ४ | अञ्जली बल | दुधीमाया वाइबा | थाहा छैन | | घ्याङ्लेख- ४ पाखुरे | 9768440650 | घरायसी /फेल | कृषि/व्यवसाय | गर्के | १३ वर्ष अ |
| ५ | अञ्जली बल | सनिता माया बाइबा | थाहा छैन | | घ्याङ्लेख- ४ पाखुरे | Ï | घरायसी /फेल | कृषि/व्यवसाय | गर्के | १० वर्ष अ |
| ६ | अञ्जली बल | बिशाल घिसिङ्ग | 2079।३।९ | ४ | घ्याङ्लेख- ४ मन्दने | 9763626164 | जन्मदर्ता नभएर | कृषि/व्यवसाय | | दोहोरो-५ |
| ७ | अञ्जली बल | अबिनाश श्रेष्ठ | 2068।११।२ | १५ | घ्याङ्लेख- ४ भैसे | 9844445423 | धम्कीपूर्ण शिक्षक व्यवहार | कृषि | | |
| १ | फरिस्ता सुनुवार | सोममाया घोले | २०७३।६।१ | १० | घ्याङ्लेख- ४ कालीशीर | ९८६२१५८९३२ | विरामी/घरटाडा भएर | कृषि/व्यवसाय | कोल्टार भर्ना | |
| २ | फरिस्ता सुनुवार | विकास गोले | जन्मदर्ता नभएको | १२ | घ्याङ्लेख- ४ कालीशीर | ९८६२१५८९३२ | विद्यालय टाँडा भएर/मौसमी बसाइसराइ | कृषि/व्यवसाय | कोल्टार भर्ना | |
| ३ | फरिस्ता सुनुवार | अशोक गोले | २०७१।०३।४ | १५ | घ्याङ्लेख- ४ कालीशीर | ९८६२१५८९३२ | साथीको प्रभाव/फेल/गरिबी | कृषि/व्यवसाय | कोल्टार भर्ना | |
| ४ | फरिस्ता सुनुवार | छुइसाङ लामा घोले | २०६८।५।१५ | १४ | घ्याङ्लेख- ४ कालीशीर | ९८६२१५८९३२ | साथीको प्रभाव/फेल/गरिबी/अपाङ्ग | कृषि/व्यवसाय | विद्यालय बाहिरा | |
| ५ | फरिस्ता सुनुवार | डेमा गोले | २०६८।१२।१६ | १२ | घ्याङ्लेख- ४ कालीशीर | ९८६२१५८९३२ | साथीको प्रभाव/फेल/गरिबी | कृषि/व्यवसाय | विद्यालय बाहिरा | |
| ६ | फरिस्ता सुनुवार | समिर धोङ | २०७१।२।२५ | १३ | घ्याङ्लेख- ४ फिटिङखोला | ९८६९७२४१७९ | साथीको प्रभाव/फेल/गरिबी/विद्यालय टाडा | कृषि/व्यवसाय | मा वि तामाजोर | |
| ७ | फरिस्ता सुनुवार | अनिश धोङ | २०६९।०९।०८ | १३ | घ्याङ्लेख- ४ फिटिङखोला | ९८६९७२४१७९ | फेल /विध्यालय टाडा/गरिब | कृषि/व्यवसाय | मा वि तामाजोर | |
| ८ | फरिस्ता सुनुवार | प्रियांक थिङ्ग | २०७०।०५।०९ | १३ | घ्याङ्लेख- ४ राखल | ९७४९८८१६१३ | फेल /विध्यालय टाडा/गरिब | कृषि/व्यवसाय | मा वि तामाजोर | |
| ९ | फरिस्ता सुनुवार | मनोज मुक्तान | जन्मदर्ता नभएको | | घ्याङ्लेख- ४ पाँचघरे | | फेल /विध्यालय टाडा/गरिब | कृषि/व्यवसाय | मा वि तामाजोर | |
| १० | फरिस्ता सुनुवार | मञ्जु श्रेष्ठ | २०७७।१०।१० | ६ | घ्याङ्लेख- ४ चिलाउने | ९८४३८१३४६९ | गरिबी /फेल | कृषि/व्यवसाय | आ वि सोलाभञ्ज्याङ्ग | |
| ११ | फरिस्ता सुनुवार | सुशिला लो | २०७९।११।२६ | ४ | महाभारत- ७ उधाउने | ९७४४६३४८४३ | जन्मदर्ता नभएर | पशुपालन | आ वि आरुबोट | |
| १२ | फरिस्ता सुनुवार | सोमराज लो | २०७३।१२।२२ | १० | महाभारत- ७ उधाउने | ९७४४६३४८४३ | जन्मदर्ता नभएर | पशुपालन | आ वि आरुबोट | |
| १३ | फरिस्ता सुनुवार | विविमाया लो | २०७६।७।१० | ७ | महाभारत- ७ उधाउने | ९७४४६३४८४३ | जन्मदर्ता नभएर | पशुपालन | आ वि आरुबोट | |
| १ | उर्मिला थामी | जस्मान योञ्जन | 2070।3।2 | १३ | घ्याङ्लेख- २ गैरी लामा टोल | _ | घरायसी काम | कृषि/मजदुरी | भैसेमा गएको | गत वर्ष |
| २ | उर्मिला थामी | सुजन योञ्जन | 2067।३।१९ | १६ | घ्याङ्लेख- २ गैरी लामा टोल | _ | घरायसी काम/फेल | कृषि/मजदुरी | | गत वर्ष |
| ३ | उर्मिला थामी | सुनिल वाईबा | 2072।५।१८ | १४ | घ्याङ्लेख- २ घट्टामाथी | 9741837400 | अपाङ्गता/विरामी /घरायसी | कृषि/मजदुरी | | |
| १ | सोनु छिरिङ लामा | सुजन भोलन | २०६९।१२।१ | १४ | घ्याङ्लेख- १ रजबाँस | ९७६७९२६८१६ | गरिबी | कृषि | टुनिभञ्ज्याङ्ग कक्षा ८ छाडेको | |
| २ | सोनु छिरिङ लामा | रत्नलाल पाख्रिन | २०६९।१।१२ | १४ | घ्याङ्लेख- १ रजबाँस | ९८४३९९४२६६ | गरिबी | कृषि | | |
| ३ | सोनु छिरिङ लामा | सिर्जना बाइबा | | | घ्याङ्लेख- १ डोटे | | | | | |
| ४ | सोनु छिरिङ लामा | सुनिता बम्जन | | | घ्याङ्लेख- १ | | | | | |
| | | जम्मा | | | | | | | | |
| | | | | | | | | स्रोत- | सा.सि.के.प्राथमिक तथ्याङ्क २०८२ | |

# अनुसूची-५

## विविध तस्विरहरु














"अनिवार्य तथा निःशुल्क शिक्षा दिगोपना कार्यक्रम-२०८१" अन्तर्गत विद्यालय बाहिरका लक्षित समुहका विद्यार्थीहरुलाई आवश्यक थप सहायता स्टेशनरी हस्तान्तरण फाराम:

| क.स. | विद्यार्थीको नाम | हस्तान्तरण गरिएको सामग्री | | | | विद्यालय | बुझिलिनेको हस्ताक्षर | | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ड्रेस सेट | स्टेशनरी | | झोला | | विद्यार्थी | अभिभावक | |
| | | | कापी | कलम | | | | | |
| 1. | समिर घोड | १ जोर | ३ दर्जन | १ दर्जन | १ थान | मा.वि. तामाजोर | समिर | | ९८६१७२४१७१ |
| 2. | अनिश घोड | १ जोर | ३ दर्जन | १ दर्जन | १ थान | मा.वि. तामाजोर | अनिस | | ९८६९७२४१७८ |
| 3. | मन्जु श्रेष्ठ | १ जोर | ३ दर्जन | १ दर्जन | १ थान | आ.वि. सोलाभञ्ज्याङ | मन्जु | सुजना | ९७९११५३६३९ |
| 4. | सुशिला लो | १ जोर | ३ दर्जन | १ दर्जन | १ थान | आ.वि. आरुबोट | सुसीला | कान्छी | ९७४४६३४८४३ |
| 5. | बिदिमाया लो | १ जोर | ३ दर्जन | १ दर्जन | १ थान | आ.वि. आरुबोट | [illegible] | कान्छी | ९७४४६३४८४३ |
| 6. | सोमराज लो | १ जोर | ३ दर्जन | १ दर्जन | १ थान | आ.वि. आरुबोट | सोमराज | कान्छी | ९७४४६३४८४३ |
| 7. | सोममाया घोले | १ जोर | ३ दर्जन | १ दर्जन | १ थान | आ.वि. कोल्टार | सोममाया | | ९७६१७५९०८३ |
| 8. | विकास घोले | १ जोर | ३ दर्जन | १ दर्जन | १ थान | आ.वि. कोल्टार | विकास | | ९७६१७५९०८३ |
| 9. | अशोक घोले | १ जोर | ३ दर्जन | १ दर्जन | १ थान | आ.वि. कोल्टार | असोक | | ९७६१७५२०८३ |
| 10. | डेमा घोले | १ जोर | ३ दर्जन | १ दर्जन | १ थान | आ.वि. कोल्टार | डेमा | | ९८६०४४१०७२ |

तयार गर्ने: फरिस्ता लक्ष्मी सुनुवार
पद: परिचालिका
सचेतना सा.सि.के. तामाजोर

रुजु गर्ने:

प्रमाणित गर्ने:

मिति: २०८१/०३/

Scanned with CamScanner



अनिवार्य तथा निशुल्क शिक्षा